६७. **<u>प्रशासकीय अदालत ऐन, २०७६ मा संशोधन</u>** : प्रशासकीय अदालत ऐन, २०७६ को,-

(१) दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतलाई देहायका मुद्दा वा विषयमा भएको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ:-

(क) प्रचलित कानून बमोजिम कर्मचारीलाई दिइएको विभागीय सजाय,

(ख) कर्मचारीको सरुवा, बढुवा वा स्तरवृद्धि,

(ग) कर्मचारीको उपदान, निवृत्तभरण वा अवकाश,

(घ) कर्मचारी समायोजन,

(ङ) कर्मचारीको सेवाका अन्य शर्त तथा सुविधा सम्बन्धी विषय।"

(२) दफा ९ पछि देहायको दफा ९क. थपिएको छ:-

"९क. <u>स्वार्थ बाझिएको मुद्दा हेर्न नहुने</u> : (१) अध्यक्ष वा सदस्यले स्वार्थ बाझिएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न हुँदैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वार्थ बाझिएको कारण अध्यक्षले कारबाही, सुनुवाई वा किनारा गर्न नहुने मुद्दामा अध्यक्ष बाहेकका दुई जना सदस्य भएको इजलासले त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।

तर स्वार्थ बाझिएको कारण अध्यक्ष र सदस्यले कारबाही, सुनुवाई वा किनारा गर्न नहुने मुद्दा प्रादेशिक अधिकारक्षेत्र भएको उच्च अदालतमा पठाउनु पर्नेछ र सम्बन्धित उच्च अदालतले त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।"

(३) दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"१०क. जिल्ला अदालत मार्फत पुनरावेदन दिन सकिने : यस ऐन बमोजिम प्रशासकीय अदालतमा दर्ता हुने निवेदन, पुनरावेदन तथा लिखित जवाफ लगायतका जुनसुकै लिखत दर्ता गर्न तथा अदालतबाट जारी हुने म्याद सूचना सम्बन्धित जिल्ला अदालत मार्फत तामेल गर्न सकिनेछ।"

(४) दफा १३ मा रहेका "सर्वोच्च अदालत वा" भन्ने शब्दहरू झिकिएका छन्।

(५) दफा १४ मा रहेका "सर्वोच्च अदालत वा" भन्ने शब्दहरू झिकिएका छन्।

(६) दफा १५ मा रहेका "र दफा १६ बमोजिम अनुमति प्राप्त गरेको अवस्थामा बाहेक त्यस उपर पुनरावेदन लाग्ने छैन" भन्ने शब्दहरू झिकिएका छन्।

(७) दफा १६ झिकिएको छ।

(८) दफा २३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो उपदफा प्रारम्भ हुँदाका बखत अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने मुद्दा कुनै निकाय वा अधिकारी समक्ष दायर भई कारबाही चलिरहेको रहेछ भने त्यस्तो मुद्दा यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो मुद्दासँग सम्बन्धित सक्कल मिसिल अदालतमा पठाउनु पर्नेछ। त्यसरी मिसिल प्राप्त भएपछि अदालतले मुद्दा दर्ता गरी त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ।"